कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

TAKSAR PIKHUWA KHOLA HYDROPOWER LIMITED

# टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड

# Taksar Pikhuwa khola Hydropower Ltd.

रजिष्टर्ड कार्यालय : का.म.न.पा.-२२, खिचापोखरी, काठमाण्डौं, फोन नं. ०१-५३२१७७७
इमेल: taksarpikhuwahpp2017@gmail.com वेवसाइट: www.tpkhp.com.np

## आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला गरिएको बारे सूचना

टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेडले आफ्नो जारी पूँजी रु.१,२०,००,००,०००/- (एक अर्ब बीस करोड) को ३५.२६% अर्थात रु.४२,३०,६६,८००/- (बयालिस करोड तीस लाख छैसठ्ठी हजार आठ सय) रकम बराबरको रु.१००/- अंकित दरका कुल ४२,३०,६६८ (बयालिस लाख तीस हजार छ सय अठसठ्ठी) कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ। जसमध्ये स्वीकृत विवरणपत्र मार्फत जारी पूँजीको १०% अर्थात रु.१२,००,००,०००/- (बाह्र करोड) रकम बराबरको रु.१००/- अंकित दरका १२,००,००० कित्ता साधारण शेयरहरु आयोजना प्रभावित क्षेत्रका स्थाई बसोबास गर्ने बासिन्दाहरु (भोजपुर जिल्लाको बासिन्दा) को निमित्त साधारण शेयर निष्काशन गरी बिक्री वितरण गरिने छ। सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत अर्थात रु.३,०३,०६,७००/- (तीन करोड तीन लाख छ हजार सात सय) रकम बराबरको रु.१००/- अंकित दरका ३,०३,०६७ (तीन लाख तीन हजार सठ्सठ्ठी) कित्ता शेयरहरु नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि **आज मिति २०८२ फालगुण २७ गते बुधबार**देखि निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

| आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि: | |
|---|---|
| दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या | : १० कित्ता |
| दरखास्त दिन पाउने अधिकतम शेयर संख्या | : ५०,००० कित्ता |

| वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि: | |
|---|---|
| दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या | : १० कित्ता |
| दरखास्त दिन पाउने अधिकतम शेयर संख्या | : ५०,००० कित्ता |

**दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शत्प्रतिशत भुक्तानी गर्नुपर्ने**

| क्र.सं. | विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु : |
|---|---|
| १. | प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, नेपाल र वेवसाइटः www.prabhucapital.com |
| २. | टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड,का.म.पा.-२२, खिचापोखरी, काठमाण्डौ र वेवसाइटः www.tpkhp.com.np |

साथै श्री नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ।

### आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम प्राप्त गर्न र बुझाउन सकिने व्यवस्था गरिएको छ ।

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड आयोजना कार्यालय, भोजपुर। |
| २. | प्रभु बैंक लिमिटेड, भोजपुर शाखा। |
| ३. | प्रभु बैंक लिमिटेड, प्याउली शाखा। |
| ४. | प्रभु बैंक लिमिटेड, हटुवागढी शाखा। |
| ५. | सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, भोजपुर शाखा। |
| ६. | प्रभु क्यापिटल लिमिटेडको कमलादी। |

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरिद आवेदन प्राप्त गर्नका लागि दरखास्त फाराम वापत रु.२/- (दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ।

### वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरुः

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सि-आस्बा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

| आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि साधारण शेयरको बिक्री खुल्ला अवधिः | |
|---|---|
| निष्काशन खुल्ला हुने मिति | : २०८२/११/२७ गतेदेखि |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | : २०८२/१२/११ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) | : २०८२/१२/२६ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |

| वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधिः | |
|---|---|
| निष्काशन खुल्ला हुने मिति | : २०८२/११/२७ गतेदेखि |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | : २०८२/१२/०१ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) | : २०८२/१२/११ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |

**संस्थापक/संचालक तथा कर्मचारीहरुले यस निष्काशनमा आवेदन दिन पाईने छैन।**

**संक्षिप्त वित्तीय विवरण**

| विवरण | वास्तविक | | | अपरिकृष्त | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | *आ.व. ०८२/८३ पौष मसान्त | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ | आ.व. ०८४/८५ |
| प्रति शेयर आम्दानी रु. | (४.९८) | १९.६६ | (०.७२) | ५.३२ | २.५७ | ७.०९ | ७.२२ |
| प्रति शेयर नेटवर्थ रु. | ८१.८२ | १०१.४९ | १००.७६ | १०६.०८ | १०३.०७ | १०५.१६ | १०७.३८ |
| संचित नाफा नोक्सान (हजारमा) | (१४१,२३४) | ११,५४२ | ५,९२९ | ४७,२४९.१० | ३६,८१३ | ६१,८९७ | ८८,५७३ |

*नोट : *गत आ.व.को अपरिष्कृत वित्तीय विवरण कम्पनीको लेखापरीक्षक तथा व्यवस्थापनबाट प्रमाणित भएको हो।*

| आयोजनाको नाम | कुल लागत रकम | प्रति मेगावाट अनुमानित लागत रकम | विद्युत उत्पादन अनुमतिको बाँकी अवधि | साधारण लगानी फिर्ता हुने अवधि | डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि | (IRR) |
|---|---|---|---|---|---|---|
| टक्सार पिखुवा खोला जलविद्युत आयोजना (८ मे.वा.) | रु.१ अर्ब ८८.२१ करोड | रु.१ अर्ब ८८.२१ करोड | अनुमतीपत्र बहाल रहने अवधि मिति २०७३/०३/०३ देखि २१०८/०३/०२ गतेसम्म रहेकोले २५ वर्ष ४ महिना बाँकी रहेको छ। | ९.१७ वर्ष | १८.३७ वर्ष | १०.२८% |

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

**स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (सातौं संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूवर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेड पुतलीसडक, काठकमण्डौंबाट इस्यूवर रेटिङ्ग गराई "CARE-NP BB + (Is) [Double B plus (Issuer)] रेटिङ्ग प्राप्त गरेको छ। CARE-NP BB+ (Is) ले "Moderate risk of default regarding timely servicing of financial obligations, in Nepal" जनाउँदछ जसको नेपालीमा "समयमै वित्तीय दायित्व भुक्तानीका सन्दर्भमा मध्यम स्तरको जोखिम रहेको" बुझिन्छ। केयर नेपाल लिमिटेडले CARE - NP AAA(Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड CARE-NP AAA(Is) ले बलियो आधार जनाउँछ र CARE-NP D(Is) ले कमजोर आधार जनाउँदछ। यसको अर्थ CARE-NP BB(Is) को स्थिति CARE-NP BBB(Is) को भन्दा एक चिन्ह तल रहन्छ। सो सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको दफा २२ (ण) पृष्ठ नम्बर ४८ मा उल्लेख गरिएको छ।**

**रेटिङ्ग ग्रेड प्रदान गरेको मितिः २०२६ जनवरी २७** **रेटिङ्ग ग्रेड बहाल रहने अवधि २०२७ जनवरी २२**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८२ फालगुण १३ गतेको "नेपाल समाचारपत्र"** राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशनकर्ता कम्पनीको वेवसाइट www.tpkhp.com.np नेपाल धितोपत्र बोडको वेवसाइटः www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.prabhucapital.com मा रहेको "विवरणपत्र" हेर्नुहुन अनुरोध गर्दछौं।

**स्वीकृत विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु, कर्मचारीहरुलाई र संस्थापक शेयरधनीहरुलाई साधारण शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभएसम्म र सामुहिक लगानी कोषले ६ महिना पूरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।**

**निष्काशन तथा बिक्री प्रबन्धक :**

PRABHU CAPITAL (A Subsidiary of Prabhu Bank Ltd.)

## प्रभु क्यापिटल लिमिटेड

रजिष्टर्ड कार्यालयः कमलादी, काठमाण्डौं, नेपाल
फोन नं. : ९७७-०१-४१६९१००, ५९७०२००
Email: info@prabhucapital.com, Web: www. prabhucapital.com